नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बाल कल्याण समिति

हरिहरभवन, ललितपुर

# आम सञ्चार माध्यमबाट प्रकाशित बालअधिकार विरुद्धका घटनाहरूको विश्लेषण

**(२०७२ बैशाख देखि चैतसम्म वार्षिक प्रतिवेदन)**




## पृष्ठभूमिः

बालअधिकार हनन्का विभिन्न घटनाहरु हुने गरे तापनि बालअधिकारप्रति सबै सरोकारवालहरु संवेदनशील हुन नसक्नु तथा सूचना संयन्त्रमा सहज पहुँचको कमीले गर्दा कतिपय बालअधिकार हनन्का घटनाहरु बाहिर आउन सकिरहेका छैनन् । बालअधिकार सम्वर्द्धन र संरक्षण गर्नु सबैको दायित्व हो । प्रचारमा आइपुगेका बालबालिका विरुद्धका के-कस्ता घटनाहरू छन् भन्ने सन्दर्भमा केन्द्रीय बालकल्याण समितिले **२०७२ साल बैशाखदेखि चैत**सम्मका राष्ट्रियस्तरका विभिन्न १७ वटा पत्रपत्रिका र अनलाईन मिडियाहरू (कान्तिपुर दैनिक, नेपाल समाचारपत्र दैनिक, नागरिक दैनिक, अन्नपूर्ण पोस्ट् दैनिक, कारोबार दैनिक, नयाँ पत्रिका दैनिक, द हिमालयन टाईम्स, द काठमाडौं पोष्ट, सेतोपाटी, रातोपाटी, अनलाईन खबर, ई कान्तिपुर, उज्यालो अनलाइन, नागरिक अनलाइन, नयाँ पेज अनलाईन, बिबिसी नेपाली सेवा र हिमाल खबर पत्रिका) बाट प्रकाशित सामग्रीहरूलाई आधार मानि यो सामग्री तयार पारिएको छ । यसमा उक्त सञ्चार माध्यममा आएका वर्षभरीका जम्मा ४२१ वटा घटनाहरूलाई अद्यावधिक गरी विश्लेषण गरिएको छ ।

सूचना प्रविधिको विकास क्रमसंगै तथा बालअधिकारप्रति विभिन्न सरोकारवालाहरूको बहस र पैरवीका कारण पछिल्लो अवधिमा बालअधिकार हनन्का घटनाहरूप्रति आम चासो बढ्दै गएको देखिन्छ । हाम्रो समाजमा व्याप्त सामाजिक असन्तुलन तथा विभेदका कारण सबै घटनाहरू बाहिर आउन नसकेता पनि केही घटनाहरू भने सञ्चार माध्यमले समेट्ने कोशिस गर्दै आएका छन् । जस अन्तर्गत सञ्चार माध्यमबाट प्रकाशित बालअधिकार हनन्का घटनाहरूलाई विश्लेषण गर्दा बालबालिकाको ओसारपसार, बालयौन दुर्व्यवहार, बालविवाह, बालबालिकामाथि हुने शारीरिक तथा मानसिक सजाय र हत्याका घटनाहरू बढी मात्रामा हुने गरेको पाइएको छ । तर यस अवधिमा बालबालिका विरुद्ध भएका घटना यतिमात्रै हुन भन्ने निष्कर्ष भने निकाल्न मिल्दैन । कतिपय कानूनी प्रक्रियामा रहेका घटनाहरू पनि प्रकाशमा आएका हुदैनन् । यसमा सार्वजनिक भएका घटनामात्र समेटिएको छ । **२०७२ सालमा** विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिका र अनलाइन खबरहरूमा प्रकाशित बालबालिका

विरुद्धका घटनाहरूमा सबैभन्दा धेरै ओसारपसार ७१ प्रतिशत, बलात्कार ११ प्रतिशत, बालविवाह ७ प्रतिशत, अपहरण तथा हत्या ६ प्रतिशत र शारीरिक दण्ड सजाय ५ प्रतिशत देखिएको छ ।

**(१) बालबालिका ओसारपसार**

- विपद्को समयमा विभिन्न वहानामा बालबालिकाको आन्तरिक तथा वाह्य ओसारपसार हुने गरेका घटनाहरु पाईएका छन् । २०७२ बैशाख देखि चैत महिनासम्म ३०८ जना बालबालिकालाई ओसारपसार गरिएको घटनामा विभिन्न निकायहरु (केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालय, जिल्ला बालकल्याण समिति, बाल हेल्पलाईन १०९८, बालबालिका खोजतलास केन्द्र १०४ लगायत अन्य गै.स.स) बाट उद्दार गरिएको समाचार प्रकाशमा आएको छ ।
- महिनाका आधारमा विश्लेषण गर्दा भूपम्प पछि लगत्तैका चार महिनामा २७० जना (८८ प्रतिशत) बालबालिकाको ओसारपसार भएको घटना सर्वाजनिक भएको छ भने अन्य ८ महिनामा ३८ जना (१२ प्रतिशत) बालबालिकाको ओसारपसार भएको छ ।
- ओसारपसार भएका बालबालिकाको घटनालाई विश्लेषण गर्दा भुकम्पलाई बहाना बनाई ९० प्रतिशत बालबालिकाको ओसारपसार गरेको पाइएको छ भने अन्य कारणले १० प्रतिशत बालबालिकालाई ओसारपसार गरेको पाइएको छ ।
- ओसारपसार भएका ३०८ जना बालबालिका मध्ये ९० प्रतिशत (२७७ जना) आन्तरिक ओसार र १० प्रतिशत (३१ जना) बाह्य ओसारपसार भएको पाइएको छ ।
- ओसारपसार हुने बालबालिका ४ वर्ष देखि १८ वर्ष उमेर समुहका रहेका छन् भने बालिकाको तुलनामा बालक १२ प्रतिशत बढी रहेका छन् ।

**(२) बालयौन दुर्व्यवहार (बलात्कारका घटनाहरु):**

- २०७२ साल बैसाख देखि चैत महिनासम्म जम्मा ४४ वटा बालबालिका माथिको बलात्कारका घटनाहरु प्रकाशमा आएका छन् । विभिन्न सञ्चार माध्यमबाट प्रकाशित घटनाहरुलाई केलाउँदा सबैभन्दा बढी फागुन महिनामा १२ वटा घटनाहरु भएको पाइएको छ । बलात्कारका घटना भएका अन्य महिनाहरुमा क्रमशः, चैतमा ५ वटा , बैशाख, साउन, मंसिर र माघ प्रत्येक महिनामा ४ वटा, असारमा ३ वटा, भदौ, असोज र पुस प्रत्येक महिना २ वटा तथा जेठ र कार्तिक प्रत्येक महिना एउटा घटना भएका छन् ।
- बालबालिकामाथि बलात्कारका घटना २३ जिल्लाहरुमा भएकोमा सबैभन्दा बढी काभ्रे जिल्लामा ८ वटा घटनाहरु घटेको देखिन्छ । देशको राजधानी काठमाडौंमा ६ वटा बलात्कारका घटनाहरु घटेका छन् । यसै गरी सिन्धुपाल्चोक–५, रौतहट–३, भक्तपुर, धनकुटा र ललितपुर प्रत्येकमा–२, ताप्लेजुङ, रुकुम, रामेछाप, दाङ, धनुषा, सप्तरी, पर्सा, बाँके, सिराहा, बाग्लुङ, स्याङ्जा, सिन्धुली, कास्की, कैलाली, सुर्खेत, सुनसरी प्रत्येक जिल्लामा १ वटा घटना घटेको पाइएको छ ।
- बलात्कारका घटनाहरुलाई विश्लेषण गर्दा २० प्रतिशत (९ जना) सामुहिक बलात्कार भएका छन् । जसमध्ये ३ जना बालिका (१ जना सुस्तमनस्थिति काठमाडौंमा र काभ्रेको पनौतीमा दुई किशोरीलाई प्रहरीले बलात्कार गरेको) प्रहरीद्धारा सामुहिक बलात्कारको शिकार भएका छन् भने ३ जना अन्य बालिका बालकहरुबाटै बलात्कार हुन पुगेका थिए । अन्य ३ जना बालिका टाढाको व्यक्तिबाट सामुहिक बलात्कार भएका थिए ।
- जम्मा प्रकाशित घटनाहरुमा ४८ प्रतिशत टाढाको व्यक्तिबाट बालिका बलात्कार भएका छन् भने चिनजानका व्यक्तिबाट ४१ प्रतिशत तथा हाडनाता करणीबाट ११ प्रतिशत रहेको पाईएको छ । हाडनाताबाट बलात्कार हुनेहरुमा ३ जना बालिका आफ्नै बुबाबाट, १ जना आफ्नै हजुरबुबाबाट र १ जना आफ्नै काकाबाट रहेका छन् ।

- उमेर समुहको आधारमा सबैभन्दा सानो ३ वर्षकी बालिका बलात्कार भएको पाईएको छ, । यसैगरी सबैभन्दा बढी संख्यामा ११ देखि १४ वर्ष उमेरका १९ जना (४३ प्रतिशत) रहेका छन् भने १० वर्ष वा सो भन्दा मूनीका १३ जना (३० प्रतिशत) र १५ देखि १८ वर्ष उमेरका १२ जना (२७ प्रतिशत) रहेका छन् ।

**(३) बालविवाह**

- विभिन्न सचेतनामूलक कार्यक्रमले समुदायमा बिस्तारै चेतनामा अभिवृद्धि भएको छ । तथापी सोचेअनुसार बालविवाहको घटनामा कमी आएको पाइँदैन । देशका केही क्षेत्र/समुदायमा गलत सामाजिक परम्परा, दाइजो प्रथा जस्ता कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ । नेपालमा कलिलो उमेरमै कतिपय बालबालिकाको विवाह हुने गर्दछ । सबैजसो बालविवाहका घटनाहरू बाहिर आउँदैनन् । तरपनि केही सञ्चार माध्यमले यस्ता घटनाहरूलाई प्रकाशमा ल्याउने प्रयत्न गरेका छन् ।
- यस वर्ष २९ वटा बालविवाहका घटनाहरू बाहिर आएका छन् ।
- सबैभन्दा बढी माघमा ७ वटा, फागुनमा ६ वटा, असार, मंसिर र चैतमा चार/चार वटा, साउन, असोज, कार्तिक र पुस महिनामा एउटा/एउटा बालविवाह भएका घटनाहरु प्रकाशमा आएका छन् ।
- प्रकाशित घटनाहरूमा अभिभावकका कारणले सबैभन्दा बढी ७१ प्रतिशत बालबालिकाको बाल्यावस्थामै विवाह गरेको पाइयो भने पछिल्लो क्रममा इन्टरनेट, मोबाइलमा बालबालिकाको सहज पहुँच भएपछि आफूखुशी २९ प्रतिशतले विवाह गरेको देखिन्छ ।
- बालविवाह हुने उमेर समुहमा ५० प्रतिशत बालक र बालिका दुबैको उमेर नपुग्दै विवाह हुने गरेको पाईएको छ भने बालिका र वयस्क पुरुष बीच ५० प्रतिशत भएकोमध्ये १४ प्रतिशत बालिका र ४० वर्ष भन्दा माथिको पुरुष बीच भएको समाचार प्रकाशमा आएका छन् ।

**(४) अपहरण तथा हत्या**

- २०७२ सालभरी १२ वटा बालबालिकाको अपहरण तथा १६ वटा हत्या गरेका घटनाहरु प्रकाशमा आएका छन्
- अपहरण गरिएका १२ बालबालिका मध्ये ७ जनाको अपहरणपछि हत्या गरिएको छ । अन्य ४ जनाको अपहरण पश्चात फिर्ता गरिएको छ भने १ जनाको अवस्था प्रकाशमा आएको छैन ।
- १६ जनाको हत्या भएको घटना मध्ये ७ जना बालबालिकाको अपहरण गरी हत्या गरिएको छ । तान्त्रिक विद्याबाट प्रभावित भएर अन्धविश्वासका कारण (नवलपरासी र रौतहट) यस वर्षको अवधिमा ३ जना बालबालिकाले ज्यान गुमाउनु परेको छ । साथै ५ जना बालबालिकाको आफ्नै बुबाआमाबाट हत्या भएको छ
- उमेर समुहका आधारमा विश्लेषण गर्दा सबै भन्दा सानो १४ महिनाको बालिकाको हत्या गरिएको छ । १७ जना बालबालिका १० वर्ष मूनीका रहेका थिए भने ११ वर्ष देखि १४ वर्षका ४ जना रहेका थिए ।
- अपहरण तथा हत्या भएका बालबालिका मध्ये ५५ प्रतिशत बालक तथा ४५ प्रतिशत बालिका रहेका छन्।
- उक्त घटनाहरु मध्ये महोत्तरी र मुगुमा ४/४ जनाका हत्या भएको छ भने कैलालीमा १ जना बालकको हत्या तथा १ जनाको अपहरण भएको छ । त्यसै गरी एउटा–एउटा घटना भएका अन्य जिल्लाहरुमा काठमाडौं, रौतहट, नवलपरासी, रुपन्देहि, धनुषा, बाँके, मोरङ, पर्सा, ललितपुर, बारा र सर्लाहि रहेकाछन्।
- २१ वटा अपहरण तथा हत्याका घटनाहरु मध्ये सबै भन्दा बढी मंसिर महिनामा ६ वटा घटना भएको पाईएको छ । करीब ६ महिना लामो मधेश आन्दोलनका क्रममा माथि उल्लेखित १६ वटा हत्या भएका बालबालिकामध्ये ३२ प्रतिशत बालबालिकाले उक्त आन्दोलनका क्रममा ज्यान गुमाएको पाईएको छ ।

५) **शारीरिक सजाय**

- विद्यालय तथा उच्च माध्यमिक विद्यालयहरूमा बालबालिकालाई उनीहरूको शैक्षिक एवम् नैतिक पक्ष सुधार्नका लागि अनुशासन कायम गर्नु पर्दछ भन्ने सोचले प्रायगरी निजी शिक्षालयले डि.आई (डिसीप्लिन ईन्चार्ज) राख्ने चलन बढ्दै गएको देखिन्छ । निज डि.आई. बालअधिकारको विषयमा पर्याप्त संवेदनशील नभएको कारण उनीहरूबाट बालबालिका शारीरिक तथा मानसिक सजायका पीडित हुन पुगेका घटनाहरू प्रकाशमा आउने गरेका छन् । यसै गरी कतिपय शिक्षकबाट बालबालिका पीडित भईरहेका छन् ।
- वर्ष भरी विभिन्न सञ्चार माध्यममा १९ वटा यस्ता घटनाहरु प्रकाशमा आएका छन् । जसमध्ये विद्यालयमा सामान्य कुटाई तथा सजाय पाएका १२ प्रतिशत, गम्भीर प्रकारको कुटाइ खाएका ८८ प्रतिशत बालबालिका रहेको पाइएको छ ।
- गम्भीर सजाय पाएका मध्ये एक जनाबालिकाको आखाँको ज्योति गुमेको घटना प्रकाशमा आएको छ भने २ जना बालकको कानको जाली फुटेको तथा अन्य १५ लाई शिक्षकले शरीरमा निलडाम हुनेगरी पिटेको र १ जना बालक विद्यालयबाट निश्काषन गरेको घटना बाहिर आएका छन् ।
- उक्त घटनाहरूलाई अध्ययन गर्दा ३० प्रतिशत सामुदायिक तथा ७० प्रतिशत निजी विद्यालयमा शारीरिक सजाय दिने गरेको पाइएको छ ।
- विद्यालयमा बालबालिकालाई दिइने शारीरिक सजाय ९५ प्रतिशत पुरुष शिक्षकबाट र ५ प्रतिशत महिला शिक्षकबाट हुने गरेको पाइएको छ ।

**निश्कर्षः**

समग्रमा माथि उल्लेख गरे बमोजिम बालबालिका विरुद्धका जम्मा४२१ वटा घटनाहरू देखिएका छन् । यसलाई निम्न ग्राफमा समेत प्रस्तुत गरिएको छ । बालबालिका ओसारपसार (७१ प्रतिशत), बलात्कार (११ प्रतिशत), बालविवाह (७ प्रतिशत), अपहरण तथा हत्या (६ प्रतिशत) र शारीरिक दण्ड सजाय (५ प्रतिशत) गरी ५ वटा मुख्य विषयका रूपमा समेटेको छ ।




बालबालिका सम्बन्धी गम्भीर प्रकृतिका घटनाहरुलाई सञ्चार माध्यमले संवेदनशील भएर प्रकाशित गर्दै आएको विषय पक्कै पनि सह्रानीय छ । यस्ता विषयमा अझै सुक्ष्म प्रकारले केलाउँदै जानुपर्ने देखिन्छ । बालबालिकामाथि दुर्व्यवहारका घटनाहरु हुनु अशोभनीय विषय हो तर भएकै घटनाहरु प्रकाशित/प्रसारित नभएर तथा कानूनी प्रक्रिया अघि नबढेर पीडकले उन्मुक्ति पाउनु र पीडित बालबालिका झनै पीडामा पर्नु त्यत्तिकै दुःख लाग्दो विषय हो । अतः यस्ता प्रकृतिका घटनाहरु बालबालिकाको गोपनीयतालाई ध्यान दिँदै प्रकाशित/प्रसारित हुँदा सरोकारवालाहरु थप जिम्मेवार हुन बल पुग्नेछ ।